निर्वाचन आयोग नेपाल
# प्रदेश निर्वाचन कार्यालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

अत्यन्त जरुरी

प.सं. २०७९/०८०

मिति २०७९/०५/०१

च.नं. ४६

श्री स्थानीय तह सबै (१३ वटै),
कैलाली ।

**विषयः सूचना टाँस गरि सोको मुचुल्का पठाईदिने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा निर्वाचन आयोग नेपालको प.सं.च.नं.Ref: ६२/०७९/८० र मिति २०७९/०५/०१ को प्राप्त पत्रानुसार स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई निर्वाचित वा पराजित भएका सम्पूर्ण उम्मेदवारहरुले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण आयोगले तोकेको (प्रदेश/जिल्ला निर्वाचन) कार्यालयमा अनिवार्य पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेकोमा यस जिल्ला अन्तर्गत स्थानीय तह निर्वाचनमा उम्मेदवारी दिएका उम्मेदवारहरु मध्ये कतिपयले निर्वाचन खर्चको विवरण पेश गरेका र कतिपयले पेश नगरेका हुँदा तहाँ स्थानीय तह अन्तर्गतका विवरण पेश गर्ने उम्मेदवारलाई निर्वाचनमा भएको खर्चको विवरण प्रमुख, उप्रमुख, अध्यक्ष र उपाध्यक्षका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरुले आफू उम्मेदवार भएको सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा सार्वजनिक गरी सोको मुचुल्का सहितको जानकारी निर्वाचन आयोग नेपालको ईमेल ठेगाना ecn.ppm@election.gov.np वा यस कार्यालयको ईमेल ठेगाना deo.kailali@election.gov.np मा उपलब्ध गराउनुको साथै निर्वाचन खर्चको विवरण तोकिएको समयभित्र पेश नगर्ने उम्मेदवारहरुले खर्चको विवरण पेश गर्न नसक्नुको कारण र आफ्नो सफाई सहितको स्पष्टीकरण ७ (सात) दिन भित्र यस कार्यालय वा निर्वाचन आयोग नेपालको ईमेल ठेगानामा पेश गर्ने सम्बन्धी सूचना थान २ र खर्चको विवरण पेश गर्ने र नगर्नेको नाम नामेसी विवरणको विद्युतीय कपी यसै साथ संलग्न राखि पठाईएको छ । उक्त सूचना र विवरण तहाँ स्थानीय तहको सूचना पाटीमा टाँस गरि सोको मुचुल्का सहितको जानकारी यस कार्यालयमा पठाईदिन हुन अनुरोध गरिन्छ ।

**बोधार्थः**

श्री निर्वाचन आयोग नेपाल
(कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा)
कान्तिपथ, काठमाण्डौं ।

प्रेमराज भट्ट २०७९/०५/०१

(प्रेमराज भट्ट)
नि. प्रदेश निर्वाचन अधिकारी

नि. प्रदेश निर्वाचन अधिकारी

# निर्वाचन आयोग, नेपाल

## स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुका नाउमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशन मिति २०७९।५।१

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचनमा भएको खर्चको बील भर्पाइ सहित आयोगले तोकेको कार्यालयमा पेश गर्नु पर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र बुझाउनु पर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिन भित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुलाई तोकिएको समयावधि भित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो? तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाइहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन २०७९ मा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भई सकेपछि निर्वाचन खर्चको विवरण बुझाउने सम्बन्धित स्थानीय तहका उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेवसाईट WWW.election.gov.np मा र सम्बन्धित निर्वाचन कार्यालयको वेवसाईटमा र सो कार्यालयको सूचना पार्टीमा समेत टास गरिएको हुँदा सूचना पार्टी र वेवसाईटहरुमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

♦♦♦